# दिगो वन विकासको क्षेत्रमा संयुक्त अनुगमन – एक सार्थक प्रयास

✍ रमेश मास्के

## परिचय

जिल्ला विकास समिति (जि.वि.स.) कपिलवस्तुको सभाकक्षामा जिल्ला वन समन्वय समितिको सातौं बैठकमा वन कार्यक्रमको समीक्षा भइरहेको थियो । बीचमा एक्कासी एक सहभागीबाट "यस्ता फोटासोटा र चार्टहरू देखाएर हामीलाई गुम्राहामा नपार्नुहोस्, वास्तवमा फिल्डमा के भएको छ हामीले सुनेका छौं, तपाईहरूले समुदायमा के गर्नुहुन्छ हामीले बुझेका छौं" भन्ने आवाज आयो । यसै सन्दर्भमा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारीले भन्नुभयो, "जनप्रतिनिधिहरूले कि कार्यान्वयन गर्ने संस्थाहरूले गरेको कार्यलाई विश्वास गर्नुपर्‍यो कि एक संयुक्त अनुगमन टोली गठन गरी नियमित अनुगमन गर्नुपर्‍यो, अन्यथा यस प्रकारको अविश्वासले विकास प्रक्रियालाई ओझेलमा पार्न सक्दछ ।"

योजनाअनुसार सही तरिकाबाट क्रियाकलापहरू सञ्चालन भएका छन् वा छैनन्, के के कामहरू योजनाअनुसार भएका छन्, के के कामहरू योजना अनुसार भएका छैनन्, के के काममा सुधार गर्नु पर्दछ भन्ने जस्ता सवालहरूको अध्ययन गरी प्राप्त नतिजाहरूको बारेमा सम्बन्धित पक्षलाई सुझाव दिने प्रक्रिया नै अनुगमन हो । सामुदायिक विकास प्रक्रियामा विभिन्नस्तरबाट अनुगमन गर्ने गरिन्छ । परियोजनाहरूको कार्यान्वयन चरणमा सम्बन्धित कार्यान्वयन निकायका माथिल्लो तहका प्रतिनिधिहरूले अनुगमन गर्ने चलन परम्परा देखी चल्दै आएको छ । हाल जिल्ला वन समन्वय समितिको स्थापना तथा सञ्चालन निर्देशिकाले राखेको उद्देश्यअनुसार मध्य तराईका नवलपरासी, रूपन्देही र कपिलवस्तु जिल्लामा सञ्चालित जीविकोपार्जनको लागि वन कार्यक्रम (एल.एफ.पी.) लाई उद्देश्यमुखी बनाउन जिल्ला वन समन्वय समितिले संयुक्त अनुगमन टोलिको गठन गरी कार्यान्वयन गर्दै आएको छ ।

बहुसरोकारवाला संस्थाका प्रतिनिधिहरूद्वारा गरिने वन क्षेत्रको संयुक्त अनुगमनको बारेमा यो लेखमा छलफल गर्न खोजिएको छ । लेखमा विशेष गरेर संयुक्त अनुगमन के हो, वन विकासको क्षेत्रमा यो किन गरिनु पर्छ, यसका लागि आवश्यक टोलीको स्वरूप, कार्य क्षेत्र तथा भूमिका के कस्तो हुनुपर्दछ भन्ने जस्ता सवालहरूलाई समेट्ने कोशिस गरिएको छ । तराईका ३ जिल्लाको अनुभवको आधारमा तयार गरिएको यो लेख अन्य जिल्लामा संयुक्त अनुगमन गर्ने संयन्त्रको विकास गर्नमा समेत उपयोगी सिद्ध हुनेछ भन्ने आशा गरिएको छ ।

## संयुक्त अनुगमन किन ?

जिल्ला वन समन्वय समिति (जि.व.स.स.)को मातहतमा रही जिल्ला वन क्षेत्र योजना अनुसार कार्यान्वयन भएका विभिन्न गतिविधिहरूको स्थलगत भ्रमणगरी देखिएका सवालहरूको बारेमा जानकारी लिई सम्बन्धित क्षेत्र तथा सरोकारवालाहरूलाई आवश्यक सल्लाह सुझाव दिई आगामी कार्यक्रमका लागि फराकिलो मार्ग निर्माण गर्नु, समुदायस्तरमा सञ्चालन भएका विकास कार्यक्रममा देखिएका दाहोरोपन हटाउन सम्बन्धित निकायलाई जानकारी दिनु र वन क्षेत्रको विकासमा संलग्न स्थानीय निकायहरू र उपभोक्ताहरु बीच शुसासन समन्वय र सहकार्यको क्षेत्र फराकिलो बनाउन सहयोग गर्नु नै संयुक्त अनुगमन कार्यको मूल उद्देश्य हो ।

हाल भइरहेका वन सम्बन्धी क्रियाकलाप तथा तिनको अनुगमन मार्फत् वनको सही व्यवस्थापन गरि फाइदा प्राप्त गर्नको लागि सामुदायिक वन लगायत अन्य राष्ट्रिय तथा निजी वनको अवस्था कस्तो छ, यी वनहरू कसरी व्यवस्थापन भएका छन्, व्यवस्थापकीय सवालहरू के के छन्, कुन व्यवस्थापन प्रणाली अपनाउँदा स्थानीय जनता र देशको हित हुन सक्छ भन्ने विषयहरूको बारेमा यथेष्ट बहस र छलफल अझै हुन सकेको छैन । वृक्षारोपण गरेका कति बिरूवा बाँचे ? वन पैदावार आपूर्ति समितिले वार्षिकरूपमा कति वन पैदावार सङ्कलन गर्छ साथै त्यसको वितरण प्रक्रिया के हो ? कुन वर्गले वन पैदावार पाएका छन् ? वार्षिक राजश्व कति उठ्दै आएको छ ? स्थानीय स्वायत्त शासन ऐन अनुसार जि.वि.स.मा जम्मा गरिने रकम जि.वि.स.ले कुन क्षेत्रमा लगानी गर्दै आएको छ ? जिल्लामा वन विकासको लागि स्वीकृत वार्षिक बजेटमा नेपाल सरकारको र दातृनिकायको कति कति हिस्सा छ ? यो कसरी कार्यान्वयन हुन्छ ? कार्यक्रममा दोहोरोपन हुने संभावना कति छ ? कार्यक्रम कार्यान्वयनमा कहाँ के प्रकारको समन्वय आवश्यक छ ? वनमा आधारित उद्योगहरू कति छन् र यसबाट स्वरोजगारको अवस्था कस्तो छ ? वन स्रोतको अभाव रहेको भेगका जनतालाई कसरी वनस्रोतमा पहुँच बढाउन सकिन्छ ? सार्वजनिक जग्गालाई वृक्षारोपण गरी वन क्षेत्र बढाउने संभावना कति छ ? वन समूहहरूले गरीबी न्यूनीकरणमा कस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् ? यस्ता विविध सवालहरूमा संयुक्त अनुगमन मार्फत् आवश्यक अध्ययन पश्चात् जिल्ला वन समन्वय समितिमा बहस चलाउन सके मात्र वन क्षेत्रको बृहत्तर विकासमा ठोस योगदान पुऱ्याउन सकिन्छ ।

## संयुक्त अनुगमन समितिको स्वरूप र कार्यक्षेत्र

दिगो वन विकासको प्रक्रियामा वनसँग प्रत्यक्ष वा अप्रत्यक्ष चासो राख्ने बहुसरोकारवालाहरूको सहभागिता अपरिहार्य हुँदै आएकाले अनुगमनमा पनि सरोकारवालाहरूको संलग्नता अपरिहार्य भएको छ । तराईका नवलपरासी, रूपन्देही र कपिलवस्तु जिल्लाहरूमा संयुक्त अनुगमन संस्थागत रूपमा अगाडि बढ्दै आएको छ । यस प्रयोजनको लागि जि.व.स.स. अन्तर्गत एक संयुक्त अनुगमन उपसमिति गठन गरिएको छ । जिल्ला वन क्षेत्र योजनाले निर्देशित गरेका क्रियाकलापहरूलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न गराउन अहम् भूमिका खेल्ने यो अनुगमन समितिमा वन क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा चासो राख्ने नागरिक समाज, राजनैतिक दल एवं सरकारी एवं गैर सरकारी निकायका प्रतिनिधिहरू रहेका हुन्छन् । उक्त समितिमा जिल्ला वन समन्वय समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरु रहनुका साथै सम्बन्धित क्षेत्रमा दखल भएका अन्य स्थानीय व्यक्ति वा संस्थाका प्रतिनिधिहरूलाई पनि जिल्ला वन समन्वय समितिले आवश्यकता अनुसार आमन्त्रण गरी राख्ने चलन रहेको छ । उदाहरणको लागि कपिलवस्तु जिल्लामा २०६३ सालमा गठन भएको पहिलो संयुक्त अनुगमन समितिमा जि.वि.स.को तर्फबाट १ जना, कार्यक्रम कार्यान्वयन निकायबाट २ जना, राजनीतिक पार्टी नेकपा एमालेबाट १ जना र ने.का. प्रजातान्त्रिकबाट १ जना गरी जम्मा २ जना, गै.स.स.बाट महिला १ जना, जिल्ला वन कार्यालयबाट १ जना, जिल्ला भूसंरक्षण कार्यालयबाट १ जना, एल.एफ.पी.बाट १ जना गरी जम्मा ९ जना प्रतिनिधीहरू रहेका थिए । नेपालको लोकतान्त्रिक पद्दतिको विकासक्रमसँगै संविधान सभाको निवार्चनबाट २५ वटा राजनैतिक दलहरूले राष्ट्रिय दलको रूपमा मान्यता पाएपछि ती दलहरूको प्रतिनिधित्वको माग र आवश्यकता जिल्लास्तरका विकास कार्यमा पनि बढ्न थाल्यो । यसर्थ पछिल्ला दिनहरूमा संयुक्त अनुगमन समतिमा सबै राजनैतिक दलका प्रतिनिधिहरूले आफ्नो सहभागिता जनाउन उत्सुकता राख्नाले एकातर्फ वनक्षेत्र प्रति व्यापक चासो बढेको पाईएको छ भने अर्कोतर्फ संयुक्त अनुगमन समितिको स्वरूपको निश्चितता गर्नुका साथै अनुगमन प्रक्रियालाई व्यवस्थित गर्न जिल्ला वन समन्वय समितिलाई कठिन भएको छ । तर पनि

चक्रीय आधारमा एक पटकमा कम्तिमा २ जना राजनीतिक पार्टीका प्रतिनिधिरूलाई अनुगमन समितिमा सहभागी गराउने नीति जिल्ला वन समन्वय समितिले लिई काम गर्दै आएको छ ।

अनुगमन समितिको आकार जति ठूलो भयो कार्यव्यवस्थापनको हिसाबले कार्यान्वयनमा त्यतिनै कठिनाइहरू आउन सक्छन् । तर कम्तीमा विभिन्न क्षेत्रको प्रतिनिधीको सहभागिता पनि संयुक्त अनुगमनमा अपरिहार्य रहन्छ । व्यावहारिक रुपमा अनुगमन समितिको लागि जि.वि.स.का प्रतिनिधि १ जना (योजना तथा अनुगमन अधिकृत), नागरिक समाजका प्रतिनिधि १ जना, राजनैतिक दलका प्रतिनिधिहरू ३ जना, (एक पटकमा ३ राजनैतिक दलका प्राकृतिक श्रोत व्यवस्थापनको क्षेत्रमा दखल भएका प्रतिनिधिहरू), जिल्ला वन कार्यालयका प्रतिनिधि १ जना, जिल्ला भूसंरक्षण कार्यालयका प्रतिनिधि १ जना र सामाजिक परिचालन कार्यक्रम संचालन गर्ने गै.स.स.का प्रतिनिधि १ जना र दातृनिकायका प्रतिनिधि १ जना गरी बढीमा ९ जना सदस्य सम्मका संयुक्त अनुगमन टोली प्रभावकारी रूपमा नै कार्यरत रहेको पाईएको छ । स्थानीय निकाय, राजनैतिक दल, कार्यक्रम कार्यान्वयन निकायहरु, नागरिक समाज, निजी क्षेत्र समेत रहने गरी अझ सानो आकारको समिति भए अझ बढी प्रभावकारी व्यवस्थापन तथा अनुगमन हुनसक्ने देखिन्छ । अनुगमन समितिको संयोजकको भूमिका स्थानीय निकायका प्रतिनिधीले निर्वाह गर्दा प्रभावकारी हुन्छ ।

## अनुगमन समितिको भूमिका

अनुगमन समितिमा रहेका विभिन्न प्रतिनिधिहरूले समूहगत र संस्थागत भूमिकाहरूको जिम्मेवारी लिन आवश्यक छ । कार्यक्रम कार्यान्वयन निकाय, दातृनिकाय, स्थानीय निकाय, नागरिक समाज र राजनैतिक दलका प्रतिनिधिहरूले निभाउनु पर्ने भूमिकाका बारेमा यहाँ संक्षिप्त रूपमा छलफल गरिएको छ ।

*कार्यक्रम कार्यान्वयन निकाय प्रतिनिधिहरूको भूमिका:*

- संयुक्त अनुगमन समितिको आवश्यकता अनुरुप आफ्नो निकायले सञ्चालन गरेका क्रियाकलापहरुको अनुगमनको आवश्यक सूचना प्रवाह गर्ने एवं भ्रमणको व्यवस्थापनमा सहयोग गर्ने । अनुगमन कार्यलाई सिकाइको अवसरको रूपमा ग्रहण गरि स्थानीय उपभोक्ता एवं सरोकारवालाहरुको सहभागितालाई प्रोत्साहित गर्ने ।
- अनुगमन टोलीलाई स्थलगत रुपमै तथ्याङ्क, प्रतिवेदन तथा सम्पूर्ण आवश्यक जानकारी उपलब्ध गराउने ।
- अनुगमन कार्यलाई सिकाइको अवसरको रुपमा ग्रहण गरी स्थानीय उपभोक्ता एवं सरोकारवालाहरुको सहभागितालाई प्रोत्साहित गर्ने ।
- अनुगमन समितिले दिएको सुझावलाई कार्यन्वयन गर्ने, आदी ।

*अनुगमनमा संलग्न अन्य संस्था/सदस्यहरूको भूमिका:*

- अध्ययन पश्चात् नीतिगत सवालहरूको विश्लेषण गरी सम्बन्धित निकायमा सुझाव दिने,
- पूर्व अनुगमन समितिले दिएको सुझावहरूको कार्यान्वयन के के भयो निरीक्षण गर्ने,
- समावेशी र गरीबमा आधारित कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियाहरूको विश्लेषण गर्ने,
- कुन कुन क्रियाकलापहरूमा दोहोरोपन भएको छ पहिचान गर्ने,
- समन्वय र सहकार्यद्वारा गर्न सकिने कार्यक्रमहरू पहिचान गरी सम्बन्धित पक्षलाई सुझाब दिने,
- राम्रा सिकाइहरूलाई अन्य क्षेत्रमा बढावा दिन विभिन्न कार्यक्रममा सुझाब दिने,

- अनुगमन टोलीले फिल्डमा देखेका सवालहरूको बारेमा सम्बन्धित उपभोक्ता तथा कर्मचारीहरूलाई सुझाब तथा सरसल्लाहहरू प्रदान गर्ने,
- फिल्डमा देखिएका वास्तविक प्रगतिहरूको समीक्षा गरी सुझाबसहितको प्रतिवेदन संयुक्तरूपमा तयार गर्न सहयोग गर्ने, आदि ।

## अनुगमन प्रतिवेदन, प्रकृति र स्वरूप

विशेषतः विकास कार्यक्रमहरूको विभिन्न चरणमा विभिन्न तहबाट अनुगमन हुँदै आएको छ । तर अनुगमनबाट के के राम्रा पक्षहरू देखिए र के के विषयमा सुधार गर्नु पर्ने हो भन्ने बारेमा स्वयं अनुगमनकर्तालाई नै थाहा नभई अनुगमन कार्यक्रम सकिएका उदाहरणहरू पनि प्रशस्त पाउन सकिन्छ । कति विकास कार्यक्रममा फिल्डमा अनुगमन गर्ने समय भन्दा प्रतिवेदन लेख्ने समय बढी राखेको पाइन्छ । अनुगमन प्रतिवेदन समयमा सम्बन्धित निकायमा बुझाउन सकिएन भने अनुगमनको कुनै औचित्य नहुनाले अनुगमन प्रतिवेदन अध्ययन गर्ने लक्षित वर्ग को हो र यसलाई कहिले र कसरी सम्बन्धित वर्गहरूमा वितरण गर्ने भन्ने सवालमा अनुगमन समिति चनाखो हुन आवश्यक छ । त्यस्तै प्रतिवेदन तयार पार्नुपूर्व प्रतिवेदन कसको लागि हो, अनुगमनमा देखिएका सवल तथा दुर्वल पक्षलाई कार्यन्वयनमा ल्याउन व्यावहारिक सुझावहरू कसरी तयार गर्ने भन्ने जस्ता सवालमा पनि अनुगमनकर्ताले ध्यान पुऱ्याउन आवश्यक छ ।

संयुक्त अनुगमन प्रतिवेदनलाई व्यावहारिक बनाउन विशेषतः अनुगमनकर्ताहरूले प्रतिवेदनको मुख्य लक्षित वर्ग भनेको जिल्ला वन समन्वय समितिका पदाधिकारी, कार्यान्वियन निकायका पदाधिकारी र लाभान्वित वर्गहरू हुन् भन्ने बुझ्न आवश्यक छ । यसर्थ जिल्ला वन समन्वय समितिका पदाधिकारी, कार्यान्वियन निकायका पदाधिकारी र लाभान्वित वर्गहरू सबैलाई समेटीने गरी सुझाबहरू लेखिनु पर्छ । बुँदागत रूपमा प्रतिवेदन तयार पार्दा अनुगमनको पृष्ठभूमि, उद्देश्य, उपलब्धीहरू, भ्रमण क्षेत्र अवलोकनबाट प्राप्त जानकारीहरू, प्रयास भएका राम्रा कार्यहरू, सुधार गरिनु पर्ने कार्यहरू, तहगत सुझाव र सारांश सहितको बुझ्ने नेपाली भाषामा तयार गर्नु व्याहारिक देखिन्छ ।

## सवाल र चुनौतिहरू

विशेष गरेर दातृनिकायको सहयोगमा सञ्चालित कार्यक्रममा स्थानीय सरोकारवालाहरूले चासो राख्ने गरेको पाइन्छ भने सरकारद्वारा सञ्चालित वन विकास कार्यक्रमहरूमा त्यति ध्यान दिइएको देखिंदैन । उदाहरणका लागि जिल्लामा वार्षिक कति बिरूवा उत्पादन भयो र कति क्षेत्रमा वृक्षारोपण गरियो भन्ने रेकर्डहरू प्रशस्तै पाईए पनि कति बिरूवा बाँच्यो र कति वन क्षेत्र बढ्यो भन्ने तथ्याङ्कहरू कमै सुन्नमा आउँछन् । त्यस्तै स्वायत्त शासन ऐन अनुसार वनक्षेत्रबाट उठेको राजश्वको जि.वि.स.मा जम्मा गरिने १०% रकम विशेष गरेर वन विकासको क्षेत्रमा कति खर्च गर्ने गरिएकोछ भन्ने लेखाजोखा गर्ने गरिएको पाइदैन ।

त्यस्तै विकासकर्मीहरूलाई परियोजनाहरू कार्यान्वयन गर्न हतार भएको कारण वास्तविक लक्षित समूह पहिचान नगरी परियोजना स्वीकृत गर्ने र उपभोक्ताहरूले पनि आफ्नो क्षेत्रमा आएको योजना अन्यत्र लान नदिने भन्ने मनोवृत्तिले गर्दा समुदायस्तरमा विभिन्न निकाय मार्फत् सञ्चालन हुने कृषि, वन, भेटनरी, महिला विकास, भौतिकपूर्वाधार विकासजस्ता परियोजनाहरूमा दोहोरोपन भएको पाईन्छ । उदाहरणको लागि संयुक्त अनुगमन समिति कपिलवस्तुले फिल्डमा भएका विभिन्न वन विकासका गतिविधिहरू अवलोकन गर्न धरमपनिया गा.वि.स.को सिद्धार्थ सार्वजनिक वन बगैंचा समूहमा २०६३ भाद्रमा भ्रमण गरेको थियो । भ्रमण टोलीमा जि.वि.स., जिल्ला वन कार्यालय, जिल्ला कृषि विकास कार्यालय र एल.एफ.पी.का प्रतिनिधिहरूको सहभागिता रहेको थियो । जिल्ला वन कार्यालय

कपिलवस्तुले गाउँमा खालि रहेको करीब ५ विगाह सार्वजनिक जग्गालाई वन बगैंचाको रूपमा विकास गर्न स्थानीय समुदायलाई संगठित गरेको थियो । उक्त क्षेत्रलाई नमुना वनको रूपमा विकास गराउन एल.एफ.पी.ले समुदायलाई विभिन्न जातका फलफूल र वन प्रजातिका बिरूवाहरू लगाउन आवश्यक सहयोग गर्नुका साथै समुहमा रहेका अतिविपन्न १५ घरधुरीलाई एक विगाह जति जग्गा छुट्याई आयआजर्नको लागि तरकारी खेती गर्न समेत सहयोग गर्दै आएको थियो । यसै सन्दर्भमा उक्त समूहले एल.एफ.पी.मा सिंचाईको लागि पोखरी मर्मत गर्न प्रस्तावना पेश गरेको र सो प्रस्ताव जिल्ला वन समन्वय समितिले स्वीकृति समेत गरिसकेको अवस्था थियो । संयुक्त अनुगमन टोलीले त्यस क्षेत्रको अवलोकन तथा छलफल गर्दा के थाहा भयो भने जिल्ला कृषि विकास कार्यालयबाट पनि सिंचाईको लागि सोहि समूहमा आर्थिक सहयोग गर्ने निर्णय भईसकेको रहेछ । यसरी जिल्ला स्थित विभिन्न विकास कार्यालयहरूको समन्वय तथा सहकार्यको अभावमा विकास क्रियाकलापहरू कही दोहोरो हुने र कही हुँदै नहुने रहेछ भन्ने कुरा महशुस भयो । सम्बन्धित निकायको नजर पुग्न नसकेका यस्ता प्रकारका दोहोरोपनहरू अरू पनि धरै हुन सक्छन् ।

संयुक्त अनुगमन गराउन आधिकारिक जिम्मेबार संस्था को हुने ? यसको लागि आर्थिक व्यवस्थापन कसले कसरी गर्ने ? के संयुक्त अनुगमन समितिमा सबै राजनैतिक दलका प्रतिनिधिहरूको आवश्यक छ वा अरू कुनै विकल्पहरू खोज्न सकिन्छ ? अनुगमन समितिलाई कसरी संस्थागत विकास गर्ने ? संयुक्त अनुगमन समितिले वन विकास कार्यक्रमको मात्र अनुगमन गर्ने कि अन्यको पनि गर्ने ? अनुगमन समितिले दिएको सुझाबको कार्यान्वयन भए नभएको कसरी मूल्याङ्कन गर्ने ? कार्यान्वयन गराउन के नीति अपनाउने ? जस्ता हरेक सवालको बारेमा जिल्ला वन समन्वय समितिमा छलफल गरी व्यवहारीक मार्गदर्शन तयार गर्न र कार्यान्वयनमा ल्याउन जिल्ला वन समन्वय समितिले अझै पर्याप्त पहल गरेको देखिंदैन । जिल्ला वन समन्वय समितिको प्रभावकारीताको लागि समेत यस समितिलाई जि.वि.स.को उपसमितिको रूपमा अझै पर्याप्त विकास गर्न सकिएको छैन ।

## निष्कर्श र सुझाब

जि.वि.स. जिल्लास्तरको विकास सम्बन्धी स्थायी औपचारिक मञ्च भएकाले जिल्लाका वनक्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूबीच सहयोग, समन्वय र सहकार्य विस्तार गर्न तथा कार्यक्रमहरूमा पारदर्शिता कायम गर्न यस अन्तर्गतको अनुगमन समितिले ठूलो भूमिका खेल्न सक्ने सम्भावना छ । जिल्ला तथा स्थानियस्तरमा भएका विभिन्न सरोकारवालाहरू एक आपसमा समन्वयात्मक ढङ्गले योजना कार्यान्वयन र अनुगमन गर्न चाहन्छन् । यसलाई मूर्तरूप दिनका लागि जि.वि.स.ले आफ्नै कार्यको पारदर्शिता बढाउनुका साथै अन्य विकाससँग सम्बन्धित कार्यालयका बीचमा प्रभावकारी संचारको व्यवस्था मिलाउनु पर्ने हुन्छ । अनुगमनको संयन्त्र पनि सबै सरोकारवाहरूलाई स्वीकृत हुने तथा विस्तृत र समावेशी खालको बनाउनु पर्दछ । विभिन्न सरोकारवालाहरूको सम्बन्ध विकास गर्न र सुमधुर बनाउने तर्फ पनि उत्तिकै क्रियाशिल हुन आवश्यक छ ।

स्थानीय जनतालाई पनि उनीहरूका प्रतिनिधीका कार्यको समीक्षा गर्न पर्याप्त मौका दिइएमा अनुगमन कार्य अझै प्रभावकारी बन्न सक्दछ । यस किसिमको संयुक्त अनुगमन प्रक्रियाले कार्यक्रमलाई समयानुकूल परिमार्जन गर्न ठोस टेवा मिल्दछ भने अनावश्यक रूपमा स्रोतको दुरूपयोग हुनबाट बचाउन सकिन्छ । विभिन्न सरोकारवालाहरूको दृष्टिकोण थाहा पाउन समेत यसबाट मद्दत पुग्नुका साथै ती दृष्टिकोणहरूको समायोजनको लागि लचकता समेत अपनाउनु पर्ने हुन्छ । संयुक्त अनुगमनमा सन्दर्भअनुसार लचकता अपनाउँदै जाने संभावना भएकाले यो कार्य देशका अन्य जिल्लाहरूमा पनि प्रभावकारी हुन सक्दछ भन्नेमा विश्वास गर्न सकिन्छ । भलै यस कार्यलाई जिल्लास्तरमा संस्थागत गर्नका लागि अझै मिहिनेत भने गर्नुपर्ने देखिन्छ ।

हाल सम्मको कार्य अनुभव र सिकाइबाट आएका निम्नअनुसारका सुझाबहरू भविष्यका लागि महत्वपूर्ण हुन सक्छन् ।

- विकाससँग सम्बन्धित विभिन्न निकायहरूद्वारा फिल्डस्तरमा कार्यान्वयन गरिने कार्यक्रमहरूमा दोहोरोपन आउन नदिन उनीहरू बीच समन्वय गरी कार्यक्षेत्र निश्चित गरिनु पर्ने र यसको अनुगमन जि.वि.स.द्वारा गरिनु पर्ने ।
- संयुक्त अनुगमन टोलीको संरचना जि.व.स.स. अर्न्तगत राख्ने साथै त्यसको लागि जि.व.स.स.लाई जि.वि.स.कै एक उपसमितिको रूपमा विकास गर्ने ।
- संयुक्त अनुगमन टोलिद्वारा तयार गरिएको प्रतिवेदन जिल्ला वन समन्वय समितिमा प्रस्तुत गर्नु पर्ने र सम्बन्धित उपभोक्ता र कार्यान्वयन निकायलाई समेत समयमै दिनुपर्ने ।
- जिल्ला वन समन्वय समितिले वन विकासका साथै अनुगमन टोलीको व्यवस्थापन गर्न स्थानीय विकास कोष समेतबाट रकम प्राप्त गरी कोषको व्यवस्थापन गर्नुपर्ने ।
- अनुगमन समितिका पदाधिकारीहरूलाई साझा बुझाइको विकास गर्न अनुशिक्षण कार्य गरिनुपर्ने ।
- प्रत्येक जिल्ला वन समन्वय समितिको चौमासिक बैठक पूर्व संयुक्त अनुगमन कार्य सम्पन्न गर्नुपर्ने ।
- भौगोलिक अवस्था र परियोजनाको प्रकृति हेरी अनुगमन गर्ने समय निर्धारण गर्ने र परियोजनाको सम्पूर्ण अध्ययन गर्ने गरी पर्याप्त समय छुट्याउनु पर्ने । हतार हतार गरी औपचारिकताका लागि मात्र अनुगमन नगर्ने ।
- अनुगमन टोलीले पूर्व प्रतिवेदनहरू अध्ययन गरी सो को आधारमा अनुगमन योजना बनाउनुपर्ने ।
- अनुगमन समितिको सेवा सुविधाको बारेमा जिल्ला वन समन्वय समितिद्वारा निति तयार गरिनुपर्ने ।
- कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई पनि अवलोकनकर्ताको रूपमा अनुगमन समितिमा सहभागी गराईनुपर्ने ।